# शिवसताक्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८२/०८३
च.नं.

ब्याङ्गडाँडा, झापा
कोशी प्रदेश, नेपाल

**कम्बाइन हार्भेष्टर मेसिनबाट धान कटाई सेवा सञ्चालनको लागि शिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हानसम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३-०२-०६

प्रस्तुत विषयमा शिवसताक्षी नगरपालिकाको मिति २०८३/०२/०६ को निर्णय तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार निम्नानुसारको न्यूनतम अंक नघटाई २०८२ पुस मसान्तसम्मको लागि तोकिएका सर्तमा कम्बाइन हार्भेष्टर मेसिनबाट धान कटाई सेवा सञ्चालन गर्न इच्छुक फर्म वा संस्थाले रितपूर्वक निम्न ठेक्का सिलवन्दी दरभाउपत्र पेस गर्नुहुन सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

निम्नः

| ठेक्का विवरण | | | | |
|---|---|---|---|---|
| | ठेक्का नं. SM/IR/CHM/02 | | | |
| क.सं. | विवरण | न्यूनतम ठेक्का रकम भ्याट सहित | रकम अक्षरमा | कै. |
| १ | कम्बाइन हार्भेष्टर मेसिनबाट धान कटाई सेवा सञ्चालन | १,८०,०००/- | रु. एकलाख असी हजार मात्र । | |

ठेक्का सम्वन्धी सर्त तथा अन्य विवरणः

१. इच्छुक योग्य दरभाउ पत्र दाताहरूले कागजात पेस गर्दा इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपि, मु.अ.क. दर्ता प्रमाण (स्थायी लेखा नं. प्रमाणपत्र) र आ.व २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै स्वः घोषणा पत्र संलग्न राखी तोकिएको सिलबन्दी दरभाउ पत्रसम्वन्धी कागजातको दस्तुर नगदै रु. १,०००/- (पछि फिर्ता नहुने गरी) राजस्व शाखामा वा यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक शिवसताक्षी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग–१–१ (२९६०१४००००००१७) मा जम्मा गरी भौचर/रसिद प्राप्त गरी सिलबन्दी दरभाउ पत्र खरिद गर्न सकिनेछ । साथै, माथि उल्लेखित गरिएका कागजात पेस गर्नु पर्नेछ ।

२. खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सोही समयभित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । सिलबन्दी दरभाउ पत्र खरिद तथा पेस गर्न दरभाउ पत्रदाता व्यक्ति/फर्म/कम्पनीको प्रोप्राइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारिक दस्तखत र फर्मको छाप सहितको अखितयारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर सिलबन्दी दरभाउ पत्र वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

३. सिलबन्दी दरभाउ पत्र फारम साथ धरौटी बापत **कबोल अङ्कको ५ प्रतिशत**ले हुन आउने रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, शिवसताक्षी शाखाको धरौटी खाता नं. २९६०१४००००००४८**

प्रमुख प्रशासकीय अधिकृत

(ग ३.१) मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैङ्कको बोलपत्र जमानत पेस गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउ पत्रदाताले सिलबन्दी दरभाउ पत्र पेस गर्दा खामलाई सिलबन्दी गरी खामको बाहिर एकातर्फ सिलबन्दी दरभाउ पत्र पेस गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं. र अर्कोतर्फ पेस गरेको सिलबन्दी दरभाउपत्र, शिवसताक्षी नगरपालिका, झापा भनेर स्पष्टसँग लेख्नु पर्नेछ तथा सिलबन्दी दरभाउ पत्र साथ पेस भएका सम्पूर्ण कागजातहरू सिलबन्दी दरभाउ पत्रदाताद्वारा प्रमाणित हुनुपर्नेछ ।

५. आफूले कबोल गरेको रकमको अङ्क र अक्षरमा फरक परेमा जुन अङ्क वा अक्षर बढी छ सोही रकमलाई मान्यता दिइनेछ । सिलबन्दी दरभाउ पत्र खरिद गर्दा कुनै प्रकारको सर्त मान्य हुनेछैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको सिलबन्दी दरभाउ पत्र फारामलाई मान्यता दिइनेछैन ।

६. **ठेक्का अवधि ठेक्का स्वीकृत भई सम्झौता भएको मितिले भदौ मसान्तसम्म रहनेछ ।**

७. **दरभाउपत्रदाताले शिवसताक्षी नगरपालिका क्षेत्रभित्र मात्र कम्बाइन हार्भेष्टर सञ्चालन गर्नुपर्नेछ ।**

८. **दरभाउपत्रदाताले कृषकहरूलाई प्रति घण्टा अधिकतम रु. ६,५००/- छ हजार पाँच सय रुपैया मात्र सेवा शुल्क लिन सक्नेछ ।** यस कार्यका लागि मेसिनमा लाग्ने टुटफुट, मर्मत सम्भार खर्च, इन्धन खर्च, मोबिल तथा ग्रिज लगायतका तथा अन्य खर्चहरू दरभाउपत्र दाता स्वमले व्यहोर्नु पर्नेछ । साथै, ठेक्का सम्झौताको अवधि कटेको १ दिनभित्र कम्बाइन हार्भेष्टर मेसिन नगरपालिका परिसरमा आधिकारिक पदाधिकारीहरूको रोहबरमा चालु अवस्थामा जिम्मा लगाउनुपर्नेछ । सम्झौता अवधि रहँदै पुनः फिर्ता नहुने गरि बुझाउन बाधा पर्ने छैन् ।

९. कम्बाइन हार्भेष्टर सञ्चालन तथा ढुवानीका लागि आवश्यक पर्ने ट्याक्टर, ट्रली तथा जनशक्ति दरभाउपत्रदाता स्वमंले व्यवस्थापन तथा आर्थिक दायित्व बहन गर्नुपर्नेछ ।

१०. ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत कबोल अङ्कको रकम नगदै राजस्व शाखामा वा यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक शिवसताक्षी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग–१–१ (२९६०१४००००००१७) मा जम्मा गरी सक्कल भौचर/रसिद पेश गर्नुपर्नेछ ।

११. ठेक्का कबोल अङ्कको सम्पूर्ण रकम सम्झौताका बखत एकमुष्ठ बुझाएमा १०% छुट दिइनेछ ।

१२. ठेक्का अवधिको प्रचलित कानुनअनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरू स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

१३. तोकिएको समयभित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारबाही गरिनेछ ।

१४. ठेक्का कबोल गर्ने सिलबन्दी दरभाउ पत्र दाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरू आफ्नोतर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर

सुजाता दुलाल डाँगी
प्रमुख प्रशासकीय अधिकृत

# शिवसताक्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं. २०८२/०८३
च.नं.

ब्याङ्गडाँडा, झापा
कोशी प्रदेश, नेपाल

सङ्कलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाइएको पाइएमा नियमानुसार कारबाही गरिनेछ। आम्दानीको जानकारी नगरपालिकालाई दिनुपर्नेछ।

१५. म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारबाही हुने छैन। कालो सूचीमा परेको व्यक्ति/फर्म/कम्पनीको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरिने छैन।

१६. स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले बन्द, हडताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिने छैन। प्रचलित कानुन, सम्झौता र सूचनाको सर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले सम्झौता भङ्ग गर्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७. यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित सिलबन्दी दरभाउपत्रदाताको कर्तव्य हुनेछ।

१८. कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

१९. सिलबन्दी फारमसाथ संलग्न गर्नुपर्ने कागजपत्रहरू सञ्चालकको नागरिकता प्रमाण-पत्र, फर्म / संस्था / व्यवसाय / कम्पनीको हकमा फर्म / संस्था / व्यवसाय / कम्पनीको नवीकरण खुल्ने दर्ता प्रमाण-पत्र, पान प्रमाण-पत्र, २०८१/०८२ को कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि, सञ्चालक स्वम् उपस्थीत नभए मञ्जुरीनामा पत्र, कालो सूचीमा नपरेको स्व-घोषणा पत्र।

२०. यस सूचनामा भएको कुरा यसैअनुसार र नभएको कुराको हकमा प्रचलित कानुन तथा ठेक्का स्वीकृति पश्चात हुने सम्झौता बमोजिम हुनेछ।

| सूचना प्रकाशन मिति | ठेक्का फारम खरिद गर्ने अन्तिम दिन | ठेक्का प्रस्ताव पेश गर्ने अन्तिम दिन | सिलबन्दी दरभाउपत्र फारम खुल्ने दिन | कैफियत |
|---|---|---|---|---|
| २०८३-०२-०६ | २०८३-०२-१२ (कार्यलय समयभित्र) | २०८३-०२-१३ (दिनको ठीक १२:०० बजे सम्म) | २०८३-०२-१३ (दिनको ठीक १:०० बजे) | |

रुचिता दुलाल
प्रमुख प्रशासकीय अधिकृत